# सिमसार

अंक ८ अप्रिल २०११

## सम्पादकीय

पारिस्थितिकिय प्रणाली भित्र स्वच्छ पानीयुक्त सिमसार सबैभन्दा बढी उत्पादनशिल मानिन्छ । यद्यपी यि क्षेत्रहरुको एउटा पारिस्थितिकिय प्रणालीभित्र जति महत्व छ, त्यति नै यी क्षेत्रहरु सम्भावित जोखिमयुक्त छन । सिमसार क्षेत्रहरुको उचित संरक्षण गर्न नसकिएको खण्डमा स्वतस्फुत रुपले सिमसारको स्वरुप नै परिवर्तन हुने प्रक्रियाको थालनी हुने गर्छ । सिमसार क्षेत्रहरु सुख्खा जमिन, घाँसे मैदानमा परिणत हुने लगायतका असरहरु देखा पर्न थाल्छन । सिमसार क्षेत्रहरु बढी उत्पादनशिल भएकाले पनि यी क्षेत्रहरु बढी सम्वेदनशिल र परिवर्तशिल हुन्छन ।

अत: सिमसार क्षेत्रहरुलाई उत्पादनशिल बनाइ राख्ने कार्य ज्यादै चुनौतीपूर्ण छ । बिभिन्न किसिमका मिचाहा प्रजातिका वनस्पतिको प्रकोप सिमसार क्षेत्रको उचित व्यवस्थापन र संरक्षणका लागि जटिल समस्या हुन । नेपालको तराई क्षेत्रमा रहेका कोशी टप्पु, विसहजारी ताल, जगदिशपुर जलाशय, घोडाघोडी ताल र मध्यपहाडी क्षेत्रका फेवाताल र रुपाताल मिचाहा प्रजातिका वनस्पतिको प्रकोपबाट आक्रान्त बनेका छन । यद्यपी अन्तर्राष्ट्रिय स्तरमा समेत महत्वपूर्ण स्थान राख्ने यि सिमसार क्षेत्रहरुमा जलकुम्भी, वेशरम, करौंदी जस्ता बिभिन्न प्रजातिका झारहरु प्रवेश गरी आफ्नो सञ्जाल चाँडै विस्तार गर्न सक्छन ।

यि झारहरुको उचित व्यवस्थापन नगरेमा सिमसार क्षेत्रको न्यूनतम गुणहरु र उपयोगिता नै परिवर्तन हुने डर हुन्छ । जसले गर्दा कालान्तरमा वातावरणीय तथा आर्थिक रुपमा नोक्सानी व्यहोर्नुपर्ने परिस्थिति सिर्जना हुनजान्छ । अत: उचित किसिमको प्रविधि र व्यवस्थापनको समायोजन गरी सिमसार क्षेत्रहरुलाई सहज परिस्थितिमा राख्न सकिन्छ ।

यस्ता मिचाहा प्रजातिको व्यवस्थापन स्थानीय स्तरमा मौलिक ज्ञान तथा शीपको प्रयोग गरी सिमसार क्षेत्रको सरसफाई गर्ने, झारपातलाई उखेल्ने लगायतका कार्यहरु हुँदै आएका छन । मिचाहा प्रजातिले नकारात्मक असर मात्र पार्छन भन्ने परम्परागत ज्ञानबाट अहिले स्थानीय समुदाय सिमसार क्षेत्रमा भएका मिचाहा प्रजातिका वनस्पतिलाई उचित प्रयोग गरी आय आर्जनका स्रोतका रुपमा अपनाउन थालेका छन । सिमसार क्षेत्रको उचित व्यवस्थापन र दीगो सदुपयोग गर्ने उद्धेश्यले यस आयोजनाको कार्य क्षेत्र कोशी टप्पु र घोडाघोडी तालक्षेत्रमा मिचाहा प्रजातिलाई उपयोग गर्न थालिएको छ । यी क्षेत्रमा जलकुम्भीलाई बायोग्यास, अर्गानिक मलखाद र आर्कषक उपहारका सामग्रीहरु निर्माण गर्न प्रयोगमा ल्याउदै आइएको छ । यस आयोजना र अर्गानिक भिलेज नटक्राप्ट सेन्टर लगायतका निजी क्षेत्रका संस्थाहरुसँगको साझेदारीमा कोशी टप्पु क्षेत्रका सिमसार क्षेत्रमा आश्रित समुदायमा क्षमता अभिवृद्धि तालिम प्रदान गरी जलकुम्भीमा आधारित सामग्रीको उत्पादन कार्यमा सहयोग पुर्‍याउँदै आएको छ ।

आयोजनाले कोशी टप्पुमा हालै जलकुम्भी प्रशोधन केन्द्रको स्थापना गरी लघु उद्यमको रुपमा विकसित गर्न थालेको छ । माथि उल्लेख गरिएका आयोजनाका गतिविधिहरुले मिचाहा प्रजातिलाई राम्रो स्रोतको रुपमा उपयोग गरी स्थानीय स्तरमा स्वरोजगारी सिर्जना गर्ने उदाहरणीय कार्य गरेको छ । यसले भविष्यमा हरित रोजगारीको अवधारणालाई मूर्त रुप दिंदै सिमसार संरक्षण र जीविकोपार्जनका उपायहरु एकसाथ गर्न सकिने सम्भावनालाई वृद्धि गरेको छ ।

## १. समाचार संक्षेप

### ❖ विश्व सिमसार दिवस

सदा झैं सन् २०११ को फेब्रुअरी २ मा पनि नेपालमा विश्व सिमसार दिवस बिभिन्न कार्यक्रमको आयोजना गरी मनाइयो । "जल तथा सिमसारका लागि वन" भन्ने नाराका साथ मनाइएको सिमसार दिवसको अवसरमा आयोजित विशेष कार्यक्रममा तत्कालिन वन तथा भू-संरक्षण मन्त्री दीपक बोहराले वन परिसर अगाडि राखिएको विश्व सिमसार दिवसको मूल नारा अंकित तथा सिमसार सम्वन्धी जानकारीमूलक सन्देश समेटिएको बोर्डको उद्घाटन गर्नुभयो । सिससार संरक्षण तथा सदुपयोग आयोजना लगायतका संरक्षणसँग सरोकार राख्ने बिभिन्न संघ, संस्थाहरुको सहभागितामा तयार पारिएको हो ।

सोही अवसरमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागको परिसरमा आयोजित कार्यक्रमका प्रमुख अतिथि मन्त्री बोहराले सिमसार संरक्षण तथा सदुपयोग आयोजनाले निर्माण गरेका सञ्चार, शिक्षा, सहभागिता तथा सचेतना (सेपा) रणनीति लोकार्पण गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागलाई हस्तान्तरण



गर्नुभयो । आयोजनाले निर्माण गरेका सिमसारसँग सम्वन्धित अन्य जानकारीमूलक सामाग्री जस्तै : सिमसार सम्वन्धी आदिवासी, जनजातिको मौलिक ज्ञान विधिको दस्तावेज, सिमसार स्रोत पुस्तिका, सिमसार सम्वन्धी तालिम निर्देशिका, सिमसार सम्वन्धी जानकारीमूलक पोष्टर लगायतका महत्वपूर्ण सामाग्रीहरु लोकार्पण गरियो ।

सोही अवसरमा मन्त्री बोहराले यस आयोजनाको आर्थिक सहयोगमा रेडियो सगरमाथा द्वारा निर्माण गरिएको रेडियो सन्देश र मोवाइलमा प्रयोग गर्न सक्ने म्युजिक रिङ व्याक टोन सार्वजनिक गर्नुभयो । यो रेडियो सन्देश प्रत्येक दिन विहान छ बजे र बेलुकी ८.४४ बजे रेडियो सगरमाथाबाट प्रशारण हुँदै आएको छ । सो अवसरमा सिमसार आयोजनाका आयोजना राष्ट्रिय प्रवन्धक श्री टोपबहादुर खत्रीले नेपालमा सिमसार क्षेत्रहरुको महत्व, चुनौती तथा सम्भावना बारे प्रकाश पार्दै सिमसारका विषयमा राष्ट्रिय स्तरमा नीति निर्माण गर्ने, सिमसारका विषयलाई राष्ट्रिय मूल प्रवाहिकरणमा ल्याउने कार्यका लागि राष्ट्रिय सिमसार समिति एउटा महत्वपूर्ण निकाय भएको विचार व्यक्त गर्नुभयो । सोही अवसरमा सिमसार संरक्षण सँग सरोकार राख्ने बिभिन्न सरकारी तथा गैर सरकारी संघ, संस्थाहरुका प्रतिनिधिहरुले पनि सिमसारको संरक्षण, सदुपयोग तथा सम्भावना बारे आ-आफना धारणा राखेका थिए ।

## ❖ कार्यकारी बोर्डको बैठक

राष्ट्रिय आयोजना निर्देशक श्री डा. अन्नपूर्णानन्द दासको अध्यक्षतामा १२ औं कार्यकारी बैठक यही चैत २४ गते सम्पन्न भयो । सो बैठकमा राष्ट्रिय आयोजना प्रवन्धक श्री टोपबहादुर खत्रीले सन् २०११ को पहिलो त्रैमासिकको कार्य प्रगति र दोस्रो त्रैमासिकको कार्ययोजनालाई छलफल र स्वीकृतिका लागि प्रस्तुत गर्नुभयो । उक्त कार्यक्रममा वन विभागका उप-सचिव श्री प्रकाशनाथ प्याकुरेल, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागका उप-सचिव श्री फणिन्द्र खरेल, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका नायव राष्ट्रिय निर्देशक योर्न सोरेन्सन, सहायक आवाशिय प्रतिनिधि विजयप्रसाद सिंह तथा वातावरण विश्लेषक दिनेश कार्कीले छलफलमा भाग लिनुभयो ।

उक्त बैठकले दोस्रो त्रैमासिक कार्ययोजना पारित गर्‍यो । बैठकको अन्त्यमा राष्ट्रिय आयोजना निर्देशक श्री डा. दासले समापन मन्तव्य दिई सबै सहभागीलाई धन्यवाद ज्ञापन गर्नुभयो ।



## ❖ प्राविधिक सल्लाहकार समितिको बैठक

प्राविधिक सल्लाहकार समितिको पाक्षिक रुपमा हुने गरेको बैठक यही चैत २ गते आयोजनाको कार्यालयमा सम्पन्न भयो । सिमसारसँग सम्वन्धित योजना निर्देशिका तथा संशोधित राष्ट्रिय सिमसार नीति २०१० लाई पारित गर्नलाई तयार पारिएका कार्यसूचीलाई छलफल गर्न सो बैठक आयोजना गरिएको हो । समितिका सदस्यहरुबाट प्राप्त भएका सुझावहरुलाई समेटी कार्यसूचीलाई अन्तिम रुप दिइयो ।

## ❖ पत्रकार सम्मेलन

विगतका वर्ष झैं यस आयोजना र हिमाली प्रकृतिद्वारा संयुक्त रुपमा आगन्तुक चराहरुको हिउँदे गणनाको तथ्याङ्क सार्वजनिक गर्ने उद्धेश्यले यही चैत १५ गते एक पत्रकार सम्मेलनको आयोजना गरियो । पंक्षीविद् तथा हिउँदे चरा गणना अभियानका राष्ट्रिय कार्यक्रम संयोजक श्री डा. हेमसागर बरालले गणनाबाट प्राप्त तथ्याङ्कलाई सार्वजनिक गर्नुभयो । हरेक वर्ष जनवरीमा महिनामा गरिने चरा गणना कार्य यो वर्ष पाँच वटा संरक्षित क्षेत्र तथा पाँच वटा रामसार क्षेत्र गरी देशभरका ६४ वटा स्थानमा गरिएको थियो ।

गणनामा ७९ प्रजातिका कुल ३० हजार ५७३ चराहरु भेटिएको कुरा सो अवसरमा जानकारी दिइयो । यस आयोजनाले कार्यसञ्चालन गरेपश्चात कोशी टप्पु र घोडाघोडी ताल क्षेत्रमा बासस्थानमा आएको सुधारका कारण चराहरुको संख्यामा उल्लेख्य वृद्धि भएको पाइयो । आयोजनाको कार्यक्षेत्र घोडाघोडी ताल क्षेत्रमा सूचक प्रजाति हरिहाँसको संख्या यस वर्ष २४३ पुगेको छ भने अघिल्लो वर्ष यो संख्या १८८ मात्र थियो । त्यसैगरी आयोजनाको कार्यक्षेत्र कोशी टप्पुमा कुल चराहरुको संख्या छ हजार ८१५ पुगेको छ भने अघिल्लो वर्षमा यो संख्या चार हजार २५९ मात्र रहेको पंक्षीविद् डा. बरालले बताउनुभयो ।



सो अवसरमा सञ्चारकर्मीहरुले राखेका जिज्ञासामा राष्ट्रिय आयोजना निर्देशक श्री डा. अन्नपूर्णा नन्द दास तथा आयोजना राष्ट्रिय प्रवन्धक श्री टोपबहादुर खत्रीले हाल सरकारी क्षेत्रबाट सिमसार संरक्षण तथा जलपंक्षीको बासस्थान सुधारका लागि भईरहेका कार्य बारे प्रकाश पार्नुभयो ।

## ❖ सुरक्षा एवम् जोखिम व्यवस्थापन तालिम

आयोजना व्यवस्थापन इकाईमा कार्यरत श्री शलु अधिकारीले यही चैत २३ गते देखि २५ गते सम्म धुलिखेलमा सञ्चालन भएको दुई दिने फिल्डस्तरको आवाशिय सुरक्षा तथा जोखिम व्यवस्थापन (एफएसआरएम) तालिममा भाग लिनुभयो । संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका बारेमा प्रतिवदेन तयार गर्ने, फिल्ड तहमा आउने सक्ने जोखिम व्यवस्थापन तथा सुरक्षा बारे अपन्याउनु पर्ने विधि लगायतका विषय बारे ज्ञान दिने उद्धेश्यले संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम नेपालले आयोजना गरेको हो ।

# २. फिल्ड गतिविधि

## ❖ सूचक प्रजाति अनुगमन

आयोजनाको नियमित कार्यक्रम अन्तर्गत दुईवटै कार्यक्षेत्र घोडाघोडी र कोशी टप्पुमा रहेका सूचक प्रजातिका अनुगमन कार्य सम्पन्न भएको छ । घोडाघोडी ताल क्षेत्रको सूचक प्रजाति हरिहाँसको अनुगमन गर्दा यस वर्ष २४३ को संख्या भेटिएका छन । त्यसैगरी मगर गोहीको संख्या १२ पुगेको छ । जँगली धान पनि १२.४२ हेक्टर ओगटेको पाइएको छ । त्यसैगरी कोशी टप्पुको सूचक प्रजाति मानिएको सिम तित्राको संख्या ५७ वयस्क जोडी भेटिएका छन् । गत वर्ष सिम तित्राको संख्या ३३ वयस्क जोडी भेटिएका थिए । यी दुई क्षेत्रमा आयोजनाले कार्यक्रम सञ्चालन गरेपछि बासस्थानमा आएको सुधारले सूचक प्रजातिको संख्यामा वृद्धि भएको मानिएको छ ।

## ❖ विश्व सिमसार दिवस

विश्व सिमसार दिवस फेव्रुअरी २ का अवसरमा आयोजनाको दुईवटै कार्यक्षेत्रमा बिभिन्न कार्यक्रम आयोजना गरी मनाइयो । सिमसारको



संरक्षणमा सरोकार राख्ने स्थानीय तहका सबै सरोकारवाला निकाय, संघ, संस्थाहरुको सहभागितामा स्थानीय सुखड बजारबाट सुरु भएको र्‍याली घोडाघोडी ताल क्षेत्रमा पुगी समापन भयो । सामुदायिक वन उपभोक्ता समुह, सिमसार क्लब, सञ्चारकर्मी, बिभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरु सहितको सो र्‍यालीका करिब दुई हजार सहभागीले घोडाघोडी तालको सरसफाई गरेका थिए ।

कोशी टप्पु स्थित आयोजनाको फिल्ड कार्यालयले सप्ताहव्यापी विविध कार्यक्रमका साथ विश्व सिमसार दिवस तथा ११ औं राष्ट्रिय चरा महोत्सव सम्पन्न गरेको छ । स्थानीय उपभोक्ता समुहहरुको प्रत्यक्ष सहभागिता रहेको सो कार्यक्रममा संरक्षण सम्वन्धी सचेतना जगाउने, सांस्कृतिक कार्यक्रम, साइकिल दौड लगायतका कार्यक्रमहरु आयोजना गरिए । सो अवसरमा संरक्षणमा विशिष्ट योगदान पुर्‍याउने संघ, संस्था तथा बिभिन्न व्यक्तित्वहरुलाई पूर्वाञ्चल क्षेत्रीय वन निर्देशक श्री बज्रकिशोर यादवले कदर पत्र प्रदान गर्नुभयो ।

### ❖ नक्रोड ताल पुनर्स्थापना

आयोजनाको कार्यक्षेत्र घोडाघोडी ताल क्षेत्र भित्रका खतरामा परेका सिमसार क्षेत्रहरुमध्ये नक्रोड तालको पुनर्स्थापना र पुनर्संरचना गर्ने कार्य सम्पन्न भएको छ । नक्रोड ताल क्षेत्रको पश्चिम क्षेत्रमा ८० मिटर लामो माटोको पर्खाल निर्माण गर्ने कार्य पुरा भएको छ । त्यसैगरी वन उपभोक्ता समितिका २८३ सदस्यहरुले करिब ७८ हजार ४५० रुपियाँ बराबरको जनश्रमदान गरी सो तालभित्र रहेका मिचाहा प्रजातिका झारलाई उखेली नष्ट गर्ने कार्य पनि सम्पन्न भएको छ । नक्रोड तालको पानीको तह वृद्धि गर्न र जैविक विविधता तथा सिमसार संरक्षणका लागि यि कार्यहरुले महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।



### ❖ वैकल्पिक उर्जा प्रवर्द्धन

आयोजनाले दुईवटै कार्यक्षेत्रमा वैकल्पिक उर्जा प्रवर्द्धनका लागि स्थानीय समुदायलाई आर्थिक रुपमा सहयोग प्रदान गर्दै आएको छ । दुईवटै क्षेत्रमा गरी यस पटक ३२ वटा शौचालय जडित बायोग्याँस उपकरण जडान गर्ने कार्य सम्पन्न भएको छ । जसले गर्दा दाउरामा आश्रित परिवारलाई वैकल्पिक उर्जाको स्रोतको उपयोग गर्न अभिप्रेरित गर्दै स्थानीय बासिन्दाको स्वास्थ्य, सरसफाई तथा जैविक तरकारी खेती गर्नमा सघाउ पुग्ने विश्वास गरिएको छ ।



### ❖ प्राविधिक उपकरण जडान

घोडाघोडी ताल क्षेत्रमा नियमित रुपमा पानीको गुणस्तर मापन गर्न आयोजनाको सहयोगमा बिभिन्न उपकरणहरु जडान गरिएका छन । पानीको तह मापन गर्न तालक्षेत्रको स्लुइस गेट नजिक पानीको तह मापन गर्ने उपकरण राखिएको छ भने पानीमा भएको अक्सिजन ग्यासको मात्रा मापन गर्ने उपकरण आयोजनाको फिल्ड कार्यालयमा स्थापना गरियो । पानीको गुणस्तरको बारेमा आधारभूत सूचना प्रदान गर्न यो उपकरण निकै उपयोगी मानिन्छ ।

### ❖ भौतिक पूर्वाधार निर्माण

आयोजनाले कैलालीको सुखड इलाका वन कार्यालय वरीपरी पक्की घेरवार सहित फलामे ढोका तथा कार्यालयमा आउने सेवाग्राहीका लागि प्रतिक्षालय निर्माण कार्य सम्पन्न गरेको छ ।



### ❖ वैकल्पिक आयआर्जन

आयोजनाले दुईवटै कार्यक्षेत्रमा वैकल्पिक उर्जा प्रवर्द्धनका लागि स्थानीय समुदायलाई आर्थिक रुपमा सहयोग प्रदान गर्दै आएको छ । दुईवटै क्षेत्रमा गरी यस पटक ३२ वटा शौचालय जडित बायोग्याँस उपकरण जडान गर्ने कार्य सम्पन्न भएको छ । जसले गर्दा दाउरामा आश्रित परिवारलाई वैकल्पिक उर्जाको स्रोतको उपयोग गर्न अभिप्रेरित गर्दै स्थानीय बासिन्दाको स्वास्थ्य,सरसफाई तथा जैविक तरकारी खेती गर्नमा सघाउ पुग्ने विश्वास गरिएको छ ।



# ३. स्थलगत भ्रमण

### ❖ संयुक्त राष्ट्र संघीय अधिकारीको फिल्ड भ्रमण

संयुक्त राष्ट्र संघीय कार्यक्रमका कन्ट्री डाइरेक्टर श्री सोको नोडाले आयोजनाको कार्यक्षेत्र कोशी टप्पु क्षेत्रको यही बैशाख ८ गते स्थलगत भ्रमण गर्नुभयो । श्री नोडाले कोशी टप्पु क्षेत्रमा सञ्चालन गरेका बिभिन्न कार्यक्रम जस्तै : विद्युतिय तारवार, जीविकोपार्जन, पटेर प्रशोधन केन्द्र आदि बारे स्थलगत जानकारी लिनभयो । सो अवसरमा आरक्षका वार्डेन श्री अशोक राम, आयोजनाका फिल्ड प्रवन्धक श्री डा. विवेकानन्द झाले कोशी टप्पु वन्यजन्तु आरक्ष र मध्यवर्ति क्षेत्रमा आयोजनाद्धारा सञ्चालित कार्यक्रम बारे जानकारी दिनुभयो । श्री नोडाले आयोजनाद्धारा सञ्चालित कार्यक्रमसँग प्रत्यक्ष संलग्न समुदायहरुसँग छलफल तथा अन्तर्क्रिया पनि गर्नुभयो ।

### ❖ उच्च स्तरीय अनुगमन भ्रमण

राष्ट्रिय योजना आयोगका सदस्य श्री रामकुमार शर्मा, राष्ट्रिय आयोजना निर्देशक श्री डा. अन्नपूर्णानन्द दास, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उप-सचिव श्री फणिन्द्र खरेल र पश्चिम तराई भू-परिधि आयोजनाका राष्ट्रिय कार्यक्रम संयोजक श्री जगन्नाथ कोइराला लगायतको टोलीले यही फागुन २८ गते घोडाघोडी ताल क्षेत्रको अनुगमन भ्रमण सम्पन्न गरेको छ । सो भ्रमण टोलीलाई आयोजनाका फिल्ड प्रवन्धक श्री राजकुमार पौडेलले घोडाघोडी ताल क्षेत्रमा आयोजनाले सञ्चालन गरेका गतिविधि बारे जानकारी दिनुभयो ।



### ❖ फिल्ड अनुगमन भ्रमण

आयोजना व्यवस्थापन इकाईबाट श्री हरिकृष्ण उप्रेतीले यही माघ २४ गतेदेखि २६ गतेसम्म घोडाघोडी तालक्षेत्रको अनुगमन भ्रमण सम्पन्न गर्नुभयो । श्री उप्रेतीले आयोजनाद्धारा घोडाघोडी ताल क्षेत्रमा सञ्चालन भएका कार्यक्रम बारे स्थलगत भ्रमण गर्नुभई प्राप्त उपलब्धी बारे जानकारी लिनुभयो ।

## हार्दिक विदाई



यस आयोजनाको घोडाघोडी ताल क्षेत्र फिल्ड कार्यालय कैलालीमा कार्यरत फिल्ड प्रवन्धक श्री अनन्तराम भण्डारी विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रममा जानु भएकाले उहाँले यस आयोजनामा रहँदा पुर्‍याउनु भएको योगदानको कदर गर्दै आयोजना परिवार उहाँको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछ ।

## सहकर्मीको आगमन



यस आयोजनाको कार्यक्षेत्र घोडाघोडी ताल क्षेत्रस्थित फिल्ड कार्यालयमा फिल्ड प्रवन्धकमा श्री राजकुमार पौडेल नियुक्त हुनुभएको छ । यस अघि उहाँ तराई तथा शिवालिकका लागि जैविक विविधिता क्षेत्र कार्यक्रम हेटौंडामा कार्यरत हुनुहुन्थ्यो । आयोजना व्यवस्थापन इकाई श्री पौडेलेका हार्दिक स्वागत गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछ ।



यसैगरी श्री सीता न्यौपाने घोडाघोडी ताल क्षेत्रस्थित फिल्ड कार्यालयमा प्रशासन तथा वित्तीय सहायकमा नियुक्त हुनुभएको छ । यस अघि उहा डडेल्धुरा स्थित नेपाल रेडक्रस सोसाइटीमा वरिष्ठ लेखा अधिकृत हुनुहुन्थ्यो । आयोजना व्यवस्थापन इकाई श्री न्यौपानेलाई हार्दिक स्वागत गर्दछ । साथै उहाँको विगतको अनुभवले आयोजनालाई थप योगदान पुग्ने विश्वास व्यक्त गर्दछ ।


थप जानकारीको लागि:

**सिमसार संरक्षण तथा सदुपयोग आयोजना**

तालिम शाखा भवन, दोस्रो तल्ला, बबरमहल, काठमाडौं

फोन नं. ४२२६२३० / ४२२९६६९

फ्याक्स् : ९७७-१-४२२९६७०

इमेल: info@wetlands.org.np

वेभसाइट: www.wetlands.org.np